स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री आँचल शर्मा केही महिनाअघि मुस्कान ढकालको निर्देशनमा बन्न लागेको फिल्म 'पञ्चामृत' सम्झौता गरेकी थिइन् । यसमा उनको जोडी अभिनेता धीरज मगरसँग बाधिदैछ । यसबीच, उनले अर्को नयाँ फिल्म सम्झौता गरेकी छन् । सविनकुमार तोलाङ्गीको निर्देशनमा बन्न लागेको फिल्म 'ह्वाइट हाउस'मा उनी जोडिएकी छन् । यो फिल्मभन्दा अघि आँचलले 'पञ्चामृत'को छायांकन भ्याउने जनाइएको छ । 'ह्वाइट हाउस'को भने तिहारपछि छायांकन सुरु गर्ने योजनामा निर्माण टिम छ ।

आजको विचार...



रत्न प्रजापति

लोकतन्त्रको...

(दुई पेजमा)



उदय सुब्बा निर्देशित फिल्म 'दुई कदम'को प्रदर्शन मिति घोषणा भएको छ । निर्माताले सोमबार पोस्टर सार्वजनिक गर्दै आगामी मंसिर २९ गतेलाई रिलिज मिति तय गरेका हुन् । सार्वजनिक फिल्मका दुई पोस्टरमा फिल्मका कलाकारलाई चित्रण गरिएको छ । एक पोस्टरमा डेब्यु अभिनेता इओन लिम्बू र डेब्यु अभिनेत्री सिमोन गिरीलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । अर्को पोस्टरमा गौरव पहारी र सिमोनलाई चित्रण गरिएको छ । अजम्बरी फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मकी निर्माता तारादेवी लिम्बू हुन् ।

❐ वर्ष २९ ❐ अंक ४५ ❐ २०८० भदौ १३ गते बुधबार 30 August 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# दश निर्माण कम्पनीको सम्झौता रद्द

कृष्ण पोखरेल

**पाल्पा,** भदौ १२/निर्माण व्यवसायीले १० वर्ष हुँदासम्म योजनाका काम पूर्णरुपमा सम्पन्न नगरी अलपत्र छाडेपछि सडक डिभिजन कार्यालय पाल्पाले सम्झौता तोडी, धरौटी जफत गर्दै कालो सुचीमा राख्ने काममा जुटेको छ । निर्माण व्यवसायीलाई कार्यालयले पटक-पटक ताकेता गर्ने, लिखित, मौखिक, इमेल तथा रजिष्ट्रि पत्र पठाएर काममा ताकेता गरेपनि समयमा काम सम्पन्न नगर्ने, निर्माण व्यवसायी वेपत्ता हुने, कार्यालयको नियमित सम्पर्कमा नरहने अवस्था भएपछि डिभिजन सडक कार्यालय पाल्पाले ठेक्का सम्झौता तोड्न लागेको हो ।

कान्छाराम जयवावा गोरखा जेभी काठमाडौले २०७१ जेठ १४ गते सिद्धार्थ राजमार्ग तानसेन बुटवल सडक खण्डमा सडक मर्मतको लागि ६ करोड १८ लाख ४४ हजार १ सय ७६ रुपैयाँ सम्झौता गरी पटक-पटक म्याद थप गर्दा समेत पूर्णरुपमा काम गरेको छैन । निर्माण व्यवसायीको अन्तिम म्याद २०७८ चैत्र ३० गते सम्म रहेपनि काम पुरा हुन सकेन । पाल्पाको चर्चित माडी चक्रपथ निर्माणको जिम्मेवारी पाएको कोशी एण्ड न्यौपाने ओम साई कन्ट्रक्सन जेभी काठमाडौ सयम काम नगरेपछि डिभिजन सडक कार्यालय ठेक्का तोड्ने भएको छ । निर्माण व्यवसायीले २०७२ साल माघ १० गते ६ करोड २ लाख ३५ हजार ४९ रुपैयाँमा काम सम्पन्न गर्ने गरी सम्झौता गरेर पटक पटक म्याद थप्दा समेत काम पुरा गर्न सकेन । कार्यालयले अन्तिम पटक २०७८ चैत्र ३० गते सम्म म्याद थपे पनि सो अवधीमा समेत काम पुरा गर्न सकेन । जसको कारण माडी फाँट वरीपरीका तानसेन नगरपालिका, बगनासकाली गाउँपालिका रम्भा गाउँपालिका माथागढी गाउँपालिका पालिका र पूर्वखोला गाउँपालिकाका जनताहरुले सहज यातायाताको सुविधाबाट बञ्चित भएको तानसेन नगरपालिका वडा नं ९ का वडा अध्यक्ष राजेशकुमार अर्यालले बताए । पटक पटक काम नगर्ने निर्माण व्यबसायीको ठेक्का सम्झौता रद्ध गरेर नयाँ पक्रियाबाट काम लगाउन डिभिजन सडक कार्यालय पाल्पालाई अनुरोध गर्दै आएको वडा अध्यक्ष अर्यालले बताए । सिद्धार्थ राजामार्ग तानसेन बुटवल सडक खण्डको जरेपिपल खण्ड मर्मतको लागि ३५ लाख ९६ हजार ६ सय ६१ रुपैयाँमा जयरत्नकाली कन्ट्रक्सन प्रालि नुवाकोटले २०७७ साल कार्तिक १३ गते सम्झौता गरेर २०७९ साल कार्तिक १३ गते म्याद सकिदा पनि काम पुरा नगरेपछि कार्यालयले सम्झौता तोड्ने गृहकार्यमा जुटेको छ ।



*सिद्धार्थ राजमार्ग तानसेन बुटवल सडक खण्डको डुम्रे जरेपिपल क्षेत्रको निर्माण व्यवसायीले अलपत्र पारेको सडक ।*

सोही निर्माण व्यवसायीले आर्यभञ्ज्याङ्ग रामपुर सडक खण्डमा मर्मतको लागि २०७७ कार्तिक १३ गते ३६ लाख ३६ हजार ८ सय ६६ रुपैयामा सम्झौता गरेर २०७९ मंसिर ३० गते सम्म काम पुरा गर्नुपर्नेमा कुनै काम नगरी अलपत्र छाडेको छ । सोही कम्पनीकै सिद्धार्थ राजमार्गको तानसेन बुटवल सडकखण्डको डुम्रे क्षेत्रमा सडक मर्मतको लागि १ करोड १ लाख ६९ हजार २ सय ६५ रुपैयामा २०७८ फागुन १० गते सम्झौता गरी २०८० बैशाख ३० गते सक्ने भनिएपनि काम अपुरै छाडेको छ । जयरत्नकालीको ३ वटै ठेक्का सम्झौता तोड्ने गरी पक्रिया अगााडि बढेको डिभिजन सडक कार्यालय पाल्पाका डिभिजन प्रमुख प्रदिमणी निरौलाले जानकारी दिए ।

आर्यभञ्ज्याङ्ग रामपुर सडकखण्डमा मर्मतको लागि उदय कन्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी तानसेन पाल्पाले १८ लाख १५ हजार १ सय ८४ रुपैयाँमा २०७८ असोज ४ गते सम्झौता गरी २०७९ कार्तिक ३० गते सम्म सक्नुपर्नेमा अपुरै छाडेको छ । यसैगरी रिदम कन्ट्रक्सन बुटवल रुपन्देहीले बर्तुङ्ग रिडी तम्घास क्षेत्रममा सडक मर्मतको लागि १ करोड १४ लाख १८ हजार ४ सय २४ रुपैयामा २०८० साल असार १५ गते काम सक्ने गरी २०७८ माघ २७ गते सम्झौता गरेको थियो तर उक्त कम्पनीले सयममै काम पुरा नगरेपछि कार्यालयले दुबै कम्पनीको ठेक्का सम्झौता रद्ध गर्न लागेको डिभिजन प्रमुख निरौलाले बताए । नमुना कन्ट्रक्सन खिम्ती प्रालि रामेछापले झुम्सा राम्दी सडकखण्ड मर्मतको लागि १ करोड २० लाख १२ हजार ७ सय १३ रुपैयाँमा २०७८ माघ ६ गते सम्झौता गरेपनि २०८० असार ३० गते सम्म समयमा काम गर्न सकेन ।

सिद्धार्थ राजमार्गको तानसेन बुटवल सडक खण्डको झुम्सा क्षेत्रमा मर्मत सम्भारको लागि चण्डी निर्माण सेवा सिद्धार्थनगर रुपन्देहीले ४७ लाख ९१ हजार १ सय १३ रुपैयाँमा २०७८ फागुन २ गते सम्झौता गरी २०८० असार २५ गते सम्म सक्नुपर्ने अन्तिम सयम भएपनि कम्पनीले सो क्षेत्रको काम अलपत्र पारेर छाडेको छ । कालीगण्डकी नदीमा गुल्मी रिडी र स्याङ्जा चण्डीभञ्ज्याङ्ग जोड्ने स्टिल ट्रस पुल निर्माणको लागि २० करोड २९ लाख २० हजार ६ सय ७० रुपैयाँमा २०६९ साल असार २५ गते ठेक्का सम्झौता गरेको श्री स्वच्छन्द निर्माण सेवा नागार्जुन काठमाडौंले अन्तिम म्याद २०७८ चैत्र ३० गते सम्म सक्नुपर्नेमा पुल निर्माण नै अलपत्र पारेपछि डिभिजन सडक कार्याल पाल्पाले ठेक्का तोड्ने तयारीमा पुगेको छ । कार्यालयले १० वटै निर्माण व्यवसायीहरुले समयमा काम नगरेकोले सम्झौता रद्ध गर्न विभागमा पत्राचार गरिसकेको डिभिजन प्रमुख निरौलाले बताए । एउटै निर्माण व्यवसायीलाई धेरै ठेक्का दिने, राजनतिक दलको पहुँचको आधारमा काम नगर्ने निर्माण व्यवसायीलाई पनि कार्यालयले कारवाही गर्न नसक्ने, सार्वजनिक खरिद ऐन व्यवहारिक नभएको कारण पनि योजनाका कामहरु समयमा सम्पन्न भएका छैन जसको कारण उपभोक्ताले सहज रुपमा सडक सेवा प्रयोग गर्न पाएका छैनन् भने अर्को तर्फ सरकारको लागत वर्षेनी बढ्दै गएको छ ।

## सक्षिप्त समाचार

### भैरहवा-दिल्ली, भैरहवा-हङकङ उडान सुरू

**भैरहवा (रुपन्देही),** भदौ १२/नेपाल वायुसेवा निगमले भैरहवा-दिल्ली र भैरहवा-हङकङ हवाई उडान सुरु गरेको छ । मंगलबारबाट सुरु भएको नेपाल एयरलाइन्सको भैरहवा-दिल्ली र भैरहवा-हङकङको उडान यात्रुबिहीन भएको छ । भैरहवाबाट काठमाडौं हुँदै दिल्ली र हङकङका लागि नेपाल वायुसेवा निगमले उडान सुरु गरेको हो । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंसराज पाण्डेले नेपाल एयरलाइन्सको विमान मलेसियाबाट साताको एक पटक भैरहवा आउने विमानमार्फत काठमाडौं हुँदै दिल्ली र हङकङको उडान सुरु गरिएको हो । मंगलबारको उडानमा भैरहवा विमानस्थलबाट कुनै पनि यात्रु विमानमा नचढेको पाण्डेले जानकारी दिए । हङकङ जाने यात्रुलाई काठमाडौं हुँदै गन्तव्यमा पुऱ्याइन्छ भने दिल्ली जाने यात्रुलाई काठमाडौं विमानस्थलमा कनेक्टिङ फ्लाइटमार्फत गन्तव्यमा पठाइन्छ । महाप्रबन्धक पाण्डेले उडानमा भैरहवा विमानस्थलबाट कुनै पनि यात्रु विमानमा नचढेको जानकारी दिए । उक्त रुटका लागि निगमले भदौ १० गतेदेखि टिकट बुकिङ खुल्ला गरेको थियो । नेपाल वायुसेवा निगमले मलेसिया-भैरहवा रुटमा थत जेठ ३० गतेबाट उडान सुरु गरेको थियो । त्यसयता निगमले उक्त रुटमा १२ वटा उडान गरिसकेको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेबाट सञ्चालनमा आएको हो । *-रासस*

- आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
- कुनैपनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर परिवार र आफूमा आश्रित सदस्यको भविष्य माथि विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आपतकालिन प्रतिकार्य तथा पुर्नलाभको समीक्षा

**पाल्पा,** भदौ १२/कोभिड-१९ आपतकालिन प्रतिकार्य तथा पुर्नलाभ परियोजनाको तानसेनमा समीक्षा गरिएको छ । कारितास नेपाल फिल्ड कार्यालय पाल्पाले जिल्लाका विभिन्न स्थानीय तहमा गरेका आपतकालिन प्रतिकार्य तथा पुर्नलाभ सम्बन्धी कार्यहरुको जिल्लाका सरोकारवाला निकायहरुबिच समीक्षा गोष्ठी गरिएको हो ।



कार्यक्रममा कारितास नेपाल पाल्पाका परियोजना संयोजक हरिससिहं कुंवरले अक्टुवर २०२१ देखि सञ्चालन भएका कार्यक्रमहरुको उपलब्धी, स्थानीय सरकार र अन्य सरकारी निकायहरुसँग गरिएको सहकार्यका विषयमा जानकारी गराएका थिए । उनले जिल्लाका तीन वटा स्थानीय तह तानसेन नगरपालिका, रिब्दीकोट गाउँपालिका र बगनासकाली गाउँपालिकामा परियोजना सञ्चालन गरिएको बताए । उनका अनुसार परियोजना अन्तर्गत कृषितर्फ अदुवा खेती र विपद् व्यवस्थानमा काम गरिएको छ । स्थानीय सरकारको समन्वयमा कोभिडबाट पारेको नकारात्मक आर्थिक प्रभावलाई कम गर्न र आम्दानी बढाउन व्यवसायिक अदुवा खेतीमा उल्लेखीय रुपमा काम गरेको संयोजक कुंवरले बताए । व्यवसायिक अदुवा खेतीमा ६ सय जना किसान लाभान्वित भएको उनले बताए । संयोजक कुंवरले भने 'हामीले किसानहरुका लागि तालिम, विउ, कृषि सामाग्री,बजारीकरण, अनुदान जस्ता कुराहरुमा सहयोग गरेका छौं ।' कारितासले कोभिड महामारीमा तानसेनका ६ र ८ वडामा विपन्न परिवारलाई खाद्यान्न, ६४ जना साना व्यवसायीलाई आर्थिक सहयोग, २४ स्वास्थ्य संस्था र सार्वजनिक स्थानहरुमा हात धुने स्टेशन निर्माण, क्वारेन्टाईनमा बसेकाहरुलाई स्वास्थ्य सामाग्री दिएको परियोजना संयोजक कुंवरले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मिशन २०८४ र राजनीति

**सुन्दा अत्यान्तै राम्रो लाग्छ, तर शब्द आफैमा बडो महत्वपूर्ण छ । नेपाली राजनीतिमा अहिले चलेको भाषाण र चर्चा 'मिशन २०८४' अर्थात २०८४ सालमा हुने निर्वाचनलाई लक्ष्य गरेर गर्ने कुराकानीलाई मिशन भन्दै आएको भन्न सकिन्छ । गजवको विषाय के हो ? भन्ने प्रश्न गर्नेका लागि 'मिशन ०८४' आफैमा राजनीतिको उल्टा फण्डा मात्रै हो । अहिले धरानमा जातीय उपद्रो शुरु भएको छ । फलस्वरुप देशभर धार्मिक असहजताका आवाजहरु खलवललाईरहेका छन् । के यस्तो अवस्थामा 'मिशन ०८४' सम्भी बस्ने ? वर्तमान समस्याको समाधान खोज्ने तर्फ लाग्नुपर्नेमा यस्ता जिज्ञासाहरु आइरहनु नितान्त्यै गम्भीर विषाय हो । आखिर समस्याको समाधान के हो ? खोज्नुपर्ने बेला अहिले आएको छ । राजनीतिमा पर्ने असरहरुका विषायमा कतै चर्चा नगर्ने अनि समस्या देखाएर लोकतन्त्र नै खराव रहेछ भन्दै हिड्ने सोंचले गर्दा पनि समस्याहरु आएका हुन् । मुख्य राजनैतिक दलहरुले आफ्नो एजेण्डा मात्रै अगाडि सार्ने कि, जनमुखि नीति र कार्यक्रमलाई जनताको घर दैलोसम्म लग्ने बारे कोशिस गर्ने भन्ने विषाय महत्वपूर्ण हो ।**

**अनावश्यक भाषाण र चौतारीका गफले मुलुक चल्दैन । पुरानादलहरु प्रतिको आस्था र विश्वासमा कमी आउँने खालका वातावरण निर्माण गर्ने भन्दा पनि आफ्नो दलको कामलाई जनमूखि बनाएर अगाडि बढ्नुको कुनै पनि विकल्प छैन । आफु राम्रो बन्नका लागि अरुलाई गाली गर्ने भन्दा पनि प्रेम अनि सद्भावको भावनाले अभिप्रेरित भएपछि जनताको विश्वास जित्न सकिन्छ । अन्यथा खाली भाषाण र एक अर्का बीचको गाली गलौचले मात्रै समस्यासम्म पुग्न सकिन्न र समस्याहरुको समाधान पनि हुन सक्दैन । जनताको विश्वास जित्ने र जनमनका कुरा गर्ने वाहेक अरुले काम लाग्दैन भन्ने कुरा राजनैतिक दलहरुले बुझ्रेर सोही अनुसार आफ्ना नीति र कार्ययोजना निर्माण गर्ने वाहेक अर्को विकल्प अहिले छैन ।**

## Opinion @ Social Network

कुनै पनि सम्बन्ध कतिसम्म टिक्छ भनेर
भाग्यले होइन मान्छेको व्यवहारले निर्धारण गर्छ ।
*(निर्मला रानाको फेसबुक स्टाटसबाट www.facebook.com//Nirmala.rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतन्त्रको सौन्दर्यमा दागैदाग



**रत्न प्रजापति**

*नेपाली जनताले आफूले उपभोग गर्ने हरेक प्रकारका सेवाबापत राज्यलाई कर तिरेका छन् । तैपनि जनताले पाउने सेवामा कुनै गुणस्तर छैन र जनताले पाउने सेवा चुस्तदुरुस्त छैन । राज्यलाई कर तिरेवापत जनताले सर्वसाधारण जनताले राज्यबाट सामाजिक सुरक्षा पाएका छैनन् । जनताले तिरेको कर भ्रष्टाचारमा सकिएको छ । चुनाव र जनप्रतिनिधिहरूको तलब र सुविधामा सकिएको छ । नेताहरूको स्वास्थ्योपचार र विदेश भ्रमणमा सकिएको छ । नेताहरूका आलिशान महल र विलासी जीवनशैलीमा सकिएको छ । राजनीतिक पार्टीका कार्यकर्ताको भरणपोषणमा सकिएको छ । देशचाहिँ चरम आर्थिक संकटको बाटोमा अगाडि बढिरहेको छ । लोकतन्त्रको नाउँमा लुटतन्त्र मच्चाइएको छ । दण्डहीनतालाई प्रश्रय दिइएको छ । अपराध र अपराधलाई संरक्षण गरिएको छ ।*

संविधानत: सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित छ । आजको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुकमा सर्वोच्च भनेका नेपाली जनता हुन् । तर व्यवहारमा भने नेपाली जनताले जहाँ र जतासुकै पनि निचताको व्यवहार सहनुपरेको छ । सर्वोच्च भनिएका नेपाली जनताले लघुताभास र हीनताबोध सहेर बाँच्नु परेको छ । यो लघुताभास र हीनताबोधको अन्त्य गरी आमनेपाली जनताले सम्मानपूर्वक जीवनयापन गर्न शिर ठाडो पारी हिँड्न पाउने अवसरको सिर्जना गर्न सर्वप्रथम नेपालका राजनीतिक दलका नेता र सरकारी ओहोदामा बसेका पदाधिकारीकोमै ठूलो हुँ भन्ने अहंलाई तोड्नु जरुरी छ । सरकारी कर्मचारीलाई राष्ट्रसेवक भन्ने गरिएको छ । जनताले तिरेको करबाट तलब खाने कर्मचारी वास्तवमै जनताका सेवक हुन् भनिन्छ । तर, त्यस्ता कर्मचारीमा सेवक होइन शासक हुँ भन्ने अहंको भावना निहित भएकाले तिनले सेवाग्राही जनताका सामु आफूलाई शासकको रूपमा प्रस्तुत गर्दै आएका छन् र सोहीअनुरूपको व्यवहार गर्दै आएका छन् । राजनीतिक दलका नेता पनि जनताका सेवक नै हुन् । अझ ती त जनताले नै चुनेर पठाउने वा पठाएका जनताका प्रतिनिधिमात्रै हुन् । तर, तिनले पनि आफूलाई जनताको सेवकको रूपमा नभई शासककै रूपमा प्रस्तुत गर्ने र सोहीअनुरूपको व्यवहार गर्ने हुँदा तिनले जनतालाई सम्मान गर्ने होइन कि जनताले तिनको सम्मान गर्नुपर्छ भन्ने सोच राख्दै आएका छन् र त्यस्तै व्यवहारको अपेक्षा पनि गर्दै आएका छन् । जनता सोझा छन् । उनीहरू राष्ट्रसेवक कर्मचारीका सामु पनि झुकेकै छन् । जनसेवक नेताका सामु पनि झुकेकै छन् । जनताले सबैसामु झुक्नैपर्ने संस्कार बसिआएको छ । अब लोकतन्त्रले सर्वोच्च भनेको र संविधानले पनि सार्भभौमसत्ता सम्पन्न भनेका जनताले सधैँ सबैसामु झुक्नुपर्ने यो (कु) संस्कारलाई बदल्ने चेतना जागृत गराउने अभियानको खाँचो छ ।

सरकारी ओहोदामा बसेको कर्मचारी नै शक्तिशाली हुने र राजनीतिमा लागेको नेता नै शक्तिशाली हुने, तर सर्वोच्च भनिएका र संविधानले समेत सार्वभौमसत्ता सम्पन्न भनिएका जनताले चाहिँ निरीह बनेर बाँच्नुपर्ने अवस्था विद्यमान रहनु लोकतन्त्रकै उपहास हो । लोकतन्त्रमा सबै समान हुन्छन् र सबैको सम्मान हुन्छ । तर नेपालमा सेवाग्राही जनता सधैं शासित र सेवक नेता र कर्मचारी चाहिँ सधैं शासकको भूमिकामा देखिने गरेकाले हरेक ठाउँमा नेपाली जनताले सामाजिक र आर्थिक क्षति व्यहोर्नुपरेको छ । नेपाली जनताले आफूले उपभोग गर्ने हरेक प्रकारका सेवाबापत राज्यलाई कर तिरेका छन् । तैपनि जनताले पाउने सेवामा कुनै गुणस्तर छैन र जनताले पाउने सेवा चुस्तदुरुस्त छैन । राज्यलाई कर तिरेवापत जनताले सर्वसाधारण जनताले राज्यबाट सामाजिक सुरक्षा पाएका छैनन् । जनताले तिरेको कर भ्रष्टाचारमा सकिएको छ । चुनाव र जनप्रतिनिधिहरूको तलब र सुविधामा सकिएको छ । नेताहरूको स्वास्थ्योपचार र विदेश भ्रमणमा सकिएको छ । नेताहरूका आलिशान महल र विलासी जीवनशैलीमा सकिएको छ । राजनीतिक पार्टीका कार्यकर्ताको भरणपोषणमा सकिएको छ । देशचाहिँ चरम आर्थिक संकटको बाटोमा अगाडि बढिरहेको छ ।

लोकतन्त्रको नाउँमा लुटतन्त्र मच्चाइएको छ । दण्डहीनतालाई प्रश्रय दिइएको छ । अपराध र अपराधलाई संरक्षण गरिएको छ । राजनीतिक आडमा संविधान, कानुन र न्यायको मान्य सिद्धान्तविपरीत अपराधीलाई आममाफी दिएर संविधान र कानुनको मात्रै उल्लंघन गरिएको छैन, लोकतन्त्रकै उपहास गरिएको छ । टीकापुर घटनामा दोषी ठहर भएका रेशमलाल चौधरीलाई पुष्पकमल दाहाल नेतृत्वको मन्त्रिपरिषद्को जेठ १२ र १४ गतेको सिफारिशअनुसार राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र दिवसका अवसर पारेर चौधरीको बाँकी कैद सजाय माफी गरेका थिए । यसले राजनीतिक शक्ति र सत्ताको चरम दुरुपयोग भएको देखाएको छ । लोकतन्त्रको सौन्दर्यमै दाग लागेको छ । सरकारको यस्तो गलत कदमले लोकतन्त्रमा जे गर्न पनि छुट छ भन्ने भाष्यको निर्माणमा मद्दत पुगेको छ । सो घटनाबारे सर्वोच्च अदालतको अन्तिम फैसलाको पूर्णपाठमा उक्त घटनालाई नेपाली समाजले कहिल्यै बिर्सन नसक्ने जघन्य फौजदारी कसुरको रूपमा व्याख्या गरेको छ । यति ठूला अपराधीले राजनीतिक कारणले सजाय माफी पाउनु ठूलो विडम्बना हो । यसले लोकतन्त्रको सौन्दर्यमा दाग मात्रै लागेको छैन, लोकतन्त्र जनहितका लागि होइन रहेछ भन्ने भाष्यको निर्माण हुने सम्भावना पनि बढ्दै गएको छ । लोकतन्त्रको नाउँमा जतासुकै लुट्ने होडबाजी चलेको छ देशको राजनीति र कर्मचारीतन्त्रमा । त्यसैले सर्वसाधारण नेपाली जनताले सेवा लिनका लागि पनि घुस र कमिसन खुवाउनुपरेको छ भने गुनासो सुनाउनका लागि पनि अपमान सहनुपरेको छ । आफैंले चुनेर पठाएको नेतालाई आफ्नो गुनासो सुनाउनका लागि नेपाली जनताले धेरैचोटि नेताहरूबाट अपमानित र तिरस्कृत हुनुपरेको छ । घुस र कमिसन खुवाउन नसक्दा सेवक कर्मचारीबाट पनि अपहेलित हुनुपरेको छ । कर्मचारीलाई अतिरिक्त लाभ दिन नसक्ने सेवाग्राहीले सेवाबाट वञ्चित हुनुपरेको छ । लोकतन्त्रको आवरणमा यस्तो भइरहेको छ । आखिर किन यस्तो भइरहेछ ? अब जनता आफैंले पनि गम्भीर भएर सोच्ने बेला भएको छ ।

लोकतन्त्रमा कोही सानाठूला हुँदैनन् भन्ने मान्यतालाई व्यवहारमा लागू गर्ने हो भने अब शासक र शासितको विभेदको अन्त्य गर्नै पर्दछ । जनताका सेवकलाई माननीय र सम्माननीय भनेर सम्मान गर्ने, तर तिनै सेवकले जनताको अपमान गर्ने (कु) प्रथाको अन्त्यका लागि जनता स्वयं त्यसविरुद्ध जागरुक हुनु आवश्यक देखिएको छ । अब जनताले जनताका सेवकलाई सम्मान गर्नुपर्छ भने सेवकले पनि जनताको उत्तिकै सम्मान गर्नुपर्छ । सरकारी ओहोदामा बसेको कर्मचारी र राजनीतिमा लागेको नेतालाई सर्वोच्च र सर्वोपरि ठान्ने प्रवृत्तिलाई त्यागेर नेपाली जनता नै सर्वोच्च हुन् भन्ने मूल्य र मान्यतालाई स्थापित गर्न राजनीति र राजनीतिक दललाई मियो ठानेर त्यसैको वरिपरि घुम्ने परम्परालाई तोड्नुपर्छ । व्यक्तिगत स्वार्थपूर्तिका लागि राजनीतिको आड लिने वा राजनीतिक दलका नेतालाई ठूलो बनाएर उसबाट काम लिने परिपाटीको अन्त्य गर्नुपर्छ । आफ्नो काम फत्ते गराउनका लागि नेतालाई रिझाउने परिपाटीलाई अन्त्य गर्नुपर्छ । जनताको काम गर्नु त नेताको कर्तब्य नै हो । बरू जनताले नेतालाई जनताको सेवा गर्ने कर्तब्यबोध भने गराइरहनुपर्छ । जनताले नै अनावश्यकरूपमा सेवकलाई शासक बनाइरहेका छन् र आफूचाहिँ शासित भइरहेका छन् । आफ्नो कामका लागि नेता र कर्मचारीलाई चाकडी गर्ने र गराउने अनि भनसुन गर्ने र गराउने प्रवृत्तिले गर्दा सेवकले शासकको अहं पाल्ने अवसर पाएका हुन् । जनताले कसैको चाकडी नगरौं, कसैको खुसामद नगरौं र कसैसँग कुनै लोभ नराखौँ र कुनै लोभ पनि नदेखाऔं । नेता र कर्मचारीमा भएको शक्तिको दुरुपयोग नगरौं र नगराऔं । त्यसले जनताकै आर्थिक र सामाजिक हानी गर्ने हो । कुनै कामका लागि राजनीतिक दबाब र प्रभाव पार्ने चेष्टा नगरौं र नगराऔं । कुनै कामका लागि घुस र कमिसन नखुवाऔं । नियमसम्मत ढंगले काम गरौं र गराऔं । त्यसपछि त न कर्मचारीले सेवाग्राहीलाई हेप्न सक्छ, न त नेताले शासक बनेर जनतामाथि शासन गर्नसक्छ ।

राजनीतिक दबाब र प्रभावबाट कोही पनि नडगौं । हामीले यति हिम्मत गर्न सक्यौं भने नेताहरूले आफूलाई शक्तिशाली ठान्ने बानीमा त्यसै परिवर्तन आउँछ । राजनीतिक दबाब र प्रभावबाट प्रभावित भइहाल्ने प्रवृत्तिले गर्दा नेताहरूले आफूलाई शक्तिशाली ठान्ने र शक्तिशाली बन्ने अवसर पाएका हुन् । नेताहरूको राजनीतिक दबाब र प्रभावलाई हरेक तह र तप्काका मान्छेले नडराई इन्कार गर्ने हो भने अन्तत: त्यस्तो राजनीतिक हस्तक्षेप पनि स्वत: कम भएर जान्छ । नेताले भनेको जे पनि मानिदिने परिपाटीले गर्दा नै जतासुकै राजनीतिक हस्तक्षेप बढेको र नेता शक्तिशाली बन्ने मौका मिलेको हो । नेताका जायज कुरालाई सुन्ने र नाजायज कुरालाई नसुन्ने प्रवृत्तिको विकास हुनसक्यो भने नेताहरूमा भएको अहिलेको शक्ति स्वत: क्षीण भएर जानेछ र उनीहरूमा भएको अहिलेको अहं र दम्भ पनि स्वत: निस्तेज भएर जानेछ । त्यसपछि जे कामका लागि पनि नेताको चाकडी गर्नुपर्ने दिनको पनि अन्त्य हुनेछ । नेता पनि जनताकै बराबरको हैसियतमा आउनेछन् । राजनीतिक आडमा हुने दण्डहीनताको पनि अन्त्य हुनेछ । भ्रष्टाचारको अन्त्य हुनेछ । सुशासन कायम हुनेछ । समाजमा गुण्डागर्दीको अन्त्य हुनेछ । डनप्रवृत्तिको अन्त्य हुनेछ । चन्दाआतंकको अन्त्य हुनेछ । यसबाट उद्योगी व्यवसायीले राहत पाउनेछन् । आर्थिक गतिविधि बढ्नेछ । अर्थतन्त्र सुदृढ बन्नेछ । आर्थिक विकासले गति लिनेछ । देश समृद्ध बन्नेछ र जनता गरिबीको दुष्चक्रबाट मुक्त हुनेछन् । लोकतन्त्रमा आमजनताले गर्ने अपेक्षा यही हो र लोकतन्त्रको शोभा र सौन्दर्य पनि यसैमा छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्य वा रोजगार पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ । |
| **वृष** : श्रमको उचित मूल्यांकन हुनेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **वृश्चिक** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **मिथुन** : नयाँ कामको थालनी होला । कान्ति र मनमा शान्ति छाउनेछ । | **धनु** : मनमा हर्ष, उमंग र उत्साह छाउने र जोशजाँगर बढ्नेछ । |
| **कर्कट** : मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **मकर** : कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| **सिंह** : आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** :शेयर बजारको कारोबार हुनेछ । जोश, जाँगर र हिम्मत बढ्नेछ । |
| **कन्या** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । शुभ समाचार पनि सुन्न पाइएला । | **मीन** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |

# ‘चोली मैलै भो’ले चिनिएकी भूमिका : दोहोरी साँझदेखि देश–विदेशसम्म

**सुशील नेपाल**

*चोली मैलै भो*
*मैले तिमीलाई न‘भन्या मात्रै हो*
*मन पऱ्यो पहिल्यै हो*

यो गीतलाई युट्युबमा हेरौं, -‘लोभलाग्दो’ भ्युज पाएको छ । टिकटकमा खोजौं, -हजारौं भिडियो बनेका छन् । यही एउटा गीत काफी छ गायिका भूमिका गिरीलाई चिनाउन । गायक प्रकाश दूतराजसँग उनको चिनजान केही वर्ष पहिल्यै देखिको थियो । स्रोता-दर्शकलाई झैं भूमिकालाई पनि प्रकाशका सिर्जनाहरू ‘एक्स्ट्रा’ लागेका थिए । प्रकाशसँग सांगीतिक सहकार्य गर्ने सोच बनाइन् भूमिकाले । र, गीत बनाउन आग्रह गरिन् । प्रकाशले भने, ‘ल दिदी तपाईंलाई ‘इम्प्याजिङ’ गरेर गीत बनाउँछु । हजुरलाई सुनाएपछि राम्रो लाग्यो भने काम गरौंला ।’ महिनादिन बित्यो । दुई-तीन महिना बित्यो, तर गीत बन्यो भन्ने खबर आएन । ‘पाँच-६ महिनापछि बल्ल भाइले गीत पठायो । शुरूमा सुन्दा ठीकैमात्र लागेको थियो । दोहोऱ्याएर सुनें, फेरि पटक-पटक सुनें,’ भूमिका सम्झन्छिन् ‘विस्तारै गीतसँग दिल बस्यो । मन पर्दै गयो ।’



कोरोना भाइरस महामारीको समयमा बनेको गीतमा प्रकाश र भूमिकाले स्वर दिए । भिडियोमा उनीहरू नै प्रस्तुत भए । तयार भयो गीत । युट्युबमा सार्वजनिक गरियो । गीतलाई अग्रजदेखि अनुजसम्मले प्रशंसा गरे । भूमिकाका अनुसार यस गीतले एकैपटक पिकअप लिएको चाहिँ होइन । ‘सुरुमा ल्याउँदा सुन्नेहरूले प्रशंसा गर्नुभयो । भ्युजका हिसाबले अलि स्लो नै थियो,’ उनले भनिन् ‘बीचमा स्कुले विद्यार्थीहरूले ड्रेसमा टिकटक बनाउन थालेपछि गीतले फेरि चर्चा पायो । अलि पछि फेरि लाइभ दोहोरीबाट चर्चामा आयो ।’ भूमिकाले धेरै गीतमा स्वर दिइन् । धेरै गीत रुचाइए । यद्यपि, ‘चोली मैलै भो’ आफ्नो करिअरकै सबैभन्दा प्रिय गीत भएको उनी बताउँछिन् । अगाडि भन्छिन्, ‘सबै गीतको माया लाग्छ । तर, ‘चोली मैलै भो’ मेरो लागि एउटा ऐतिहासिक काम लाग्छ । फेरि त्यो खालको काम गर्न सकिन्छ वा सकिन्नँ । त्यो खालको काम गरे पनि सोहीअनुसारको चर्चा पाउँछ/पाउँदैन भन्ने हुन्छ ।’

*हरेक वर्ष तीजमा नयाँ गीत ल्याउने भूमिकाले यसपटक पनि ल्याएकी छिन् । एक महिनाअघि सार्वजनिक ‘उजेली जुनेली’ले १९ लाख प्लस भ्युज पाइसकेको छ । यसवर्षको तीजमा भारतको बैंग्लोर पुगेर त्यहाँ रहेका नेपाली दिदीबहिनीलाई यही गीतमा नचाउने सुरसारमा छिन् भूमिका । सांगीतिक क्षेत्रमा लागेको १३/१४ वर्ष बिताएकी उनी यो क्षेत्रमा पाएको उपलब्धिलाई लिएर खुशी र सन्तुष्ट रहेको बताउँछिन् । यद्यपि, सिकिरहने र राम्रो काम गरिरहने चाहना भने सधैँ रहिरहेको बताउँछिन् ।*

दाङको देउखुरीमा सामान्य परिवारमा जन्मिएकी भूमिका सानैदेखि पूजाआजा, सांगीतिक कार्यक्रममा गुनगुनाउँथिन् । त्यतिबेला गायन प्रतियोगितामा पुगेर निराश भएर फर्किएको अनुभव उनीसँग सायदै होला । बीमाकुमारी दुरा, लक्ष्मी न्यौपाने, शर्मिला गुरुङ, देवी घर्ती आदिका गीतहरू औधी सुन्थिन् उनी । उनीहरूजस्तै गायिका बन्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो उनलाई । घरकी जेठी छोरी भएकाले परिवारका समस्याहरू भूमिकाले नजिकबाट नियालेकी थिइन् । बुबाआमाले गरेको दुःख देखेकी थिइन्, त्यसलाई बुझेकी पनि थिइन् । परिवारका लागि केही गर्नुपर्छ भन्ने जिम्मेवारी पनि उनमा थियो ।

एसएलसी दिएपछि उनी गायिका बन्ने सपना देखेर काठमाडौं आइन् । राति १२/१ बजेसम्म दोहोरी साँझमा गाउने, बिहान कलेज जानुपर्ने । उनका संघर्षका सुरुवाती दिन कम्ता गाह्रो थिएनन् । रहर थियो, गीत रेकर्ड गराउने । तर, त्यसका लागि भूमिकाले वर्षौं कुर्नुपऱ्यो । दोहोरी साँझमा गाउन थालेको पाँच वर्षपछि बल्ल पहिलो गीत ल्याइन् । त्यो रोइला गीत थियो । शिव हमालको शब्द एवं संगीत, भूमिकाको स्वरमा रहेको ‘लौका चाख्ने मौका देऊ’ गीतले गण्डकी र धौलागिरि क्षेत्रतिर राम्रै चर्चा पायो । दोस्रो गीत गायक रामजी खाँणसँग ल्याइन् । बोल थियो, तिउन मिठो बनायो चुकैले । ‘यो गीत एकदमै रुचाइयो । यसलाई मेरो करिअरको टर्निङ प्वाइन्ट मान्छु,’ भूमिका भन्छिन् । यसपछि देश-विदेशका कार्यक्रमका लागि माग भयो उनको ।

सुरुदेखि नै ‘सेलेक्टिभ’ काम गर्न रुचाउँथिन् उनी । त्यसैले संख्यात्मक हिसाबले उनका गीतहरू थोरै होलान्, तर अधिकांश गीतले स्रोता-दर्शकको माया पाएका छन् । ‘गोरखपुरको सलाई’, ‘तारासँगै जून’, ‘नसिसाउन कान्छु’, ‘देउरालीमा’ आदि भूमिकाका रुचाइएका गीतहरू हुन् । स्टेज कार्यक्रमका लागि २०/२२ देश पुगिसकेकी उनी आफू त्यहीँबाटै पालिएको बताउँछिन् । ‘अहिले धेरै गायक/गायिकाको आम्दानीको मुख्य स्रोत स्टेज नै हो,’ उनी भन्छिन् ‘राम्रो भ्युज गयो भने युट्युबबाट पनि राम्रै आम्दानी भइरहेको हुन्छ । यद्यपि, त्यसलाई म पेन्सनका रुपमा हेर्छु ।’

हरेक वर्ष तीजमा नयाँ गीत ल्याउने भूमिकाले यसपटक पनि ल्याएकी छिन् । एक महिनाअघि सार्वजनिक ‘उजेली जुनेली’ले १९ लाख प्लस भ्युज पाइसकेको छ । यसवर्षको तीजमा भारतको बैंग्लोर पुगेर त्यहाँ रहेका नेपाली दिदीबहिनीलाई यही गीतमा नचाउने सुरसारमा छिन् भूमिका । सांगीतिक क्षेत्रमा लागेको १३/१४ वर्ष बिताएकी उनी यो क्षेत्रमा पाएको उपलब्धिलाई लिएर खुशी र सन्तुष्ट रहेको बताउँछिन् । यद्यपि, सिकिरहने र राम्रो काम गरिरहने चाहना भने सधैँ रहिरहेको बताउँछिन् । उनको चाहना छ, ‘सधै सांगीतिक क्षेत्रमै रमिरहन पाऊँ ।’ भोलिको योजनाबारे भन्छिन्, ‘गीतसंगीतभन्दा बाहिर धेरै सपना छैनन् । गायनलाई निरन्तरता दिन पाउँ । अझ राम्रो काम गर्न पाउँ । अझ बढी स्रोता-दर्शकले बुझुन्, चिनून् भन्ने नै हो ।’ सेलिब्रेटीका अफेयरका कुराहरू सञ्चारमाध्यमका लागि सधै गसिप बनिरहेका हुन्छन् । भूमिकाले भने विवाहसम्मै आफ्नो प्रेम सम्बन्धलाई लुकाइरहिन् । उनले सल्यानका हिजन विष्टसँगको केही वर्षको प्रेमसम्बन्धलाई गतवर्ष विवाहमा परिणत गरिन् । उनीहरूबीच ७/८ वर्षअगाडिदेखि चिनजान शुरू भएको थियो । विवाहको कुरा भने ३ वर्ष अगाडिदेखि सुरु भएको भूमिका बताउँछिन् । उनी आफ्नो श्रीमानबारे भन्छिन्, ‘उहाँ मलाई बुझ्ने हुनुहुन्छ । हाम्रो क्षेत्रलाई कहिल्यै पनि जज गर्नुहुन्न । र, व्यावहारिक बढी लाग्छ ।’

***-लोकान्तर डटकम***

# सुहाना घरभित्रको फिल्ममा कहिलेसम्म ?



डेब्यू फिल्म ‘ए मेरो हजुर ३’बाटै ‘स्टार’को ट्याग पाएकी सुहाना थापा ‘स्टार किड्स’ हुन् । आमा झरना थापा (अभिनेत्री)को लिगेसी पछ्याउँदै अभिनयमा आएकी उनले घरभित्रका तीनटा फिल्ममा काम गरिसकेकी छन् । ‘ए मेरो हजुर ४’ पनि उनकै मुख्य भूमिका थियो । आगामी भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको झरना निर्देशित फिल्म ‘एक भगवत् गीता’मा पनि उनी स्वयंको अभिनय छ । ‘ए मेरो हजुर ३’पछि उनलाई बाहिरका धेरै फिल्मबाट प्रस्ताव पुगे । उनले केही फिल्मको स्क्रिप्ट पनि पढिन् । तर, उनी घरभित्रको फिल्मबाट बाहिर निस्कन सकेकी छैनन् । उनका पिता तथा निर्माता सुनिल कुमार थापाले झन्डै २ वर्षअघिदेखि अध्ययनका कारण सुहानाले बाहिरको फिल्म गर्न नसकेको बताउँदै आएका छन् । तर, घरभित्रको फिल्म गर्न भने सुहानालाई पढाईले रोकेको छैन ।

उनले पढाईका कारण अझै डेढ वर्ष बाहिरको फिल्म नगर्ने भएकी छन् । शनिबार पत्रकारसँगको कुराकानीमा निर्माता थापाले भने, ‘सुहानालाई घरबाहिरको फिल्ममा काम गर्न नदिएको भन्ने होइन । उसको पढाईले गर्दा हो । अबको डेढ वर्षपछि उसलाई जसले फिल्ममा काम गराए पनि हुन्छ । अब उसले एउटा मात्र घरको फिल्म गर्न सक्छ । त्यसबेलासम्म उसको पढाई पनि पूरा भैसक्छ ।’ ‘एक भगवत् गीता’ रिलिजपछि सुहानाले घरभित्रकै ‘ए मेरो हजुर ५’मा काम गर्न सक्ने सम्भावना छ । फिल्ममा आउनुभन्दा अगाडि उनले अमेरिकामा अध्ययन गरिरहेकी थिइन् । अघिल्लो वर्ष उनले जोर्ज मेसन यूनिभर्सिटीबाट मनोविज्ञान विषयमा ग्र्याजुएसन पूरा गरेकी छन् । फिल्मी माहोलमा हुर्किएकी उनले ‘ए मेरो हजुर’को दुई श्रृंखलाबाटै अभिनयमा आफूलाई प्रमाणित गरिसकेकी छन् ।

***-फिल्मी खबर डटकम***

# नेताहरूलाई फिल्म हेर्न स्वस्तिमाको आग्रह



अभिनेत्री स्वस्तिमा खड्काले फिल्म समाजको रिफलेक्सन भएकोले नेताहरूले हेर्नुपर्ने बताएकी छन् । कतिपय सन्दर्भमा नेताहरूले समाजमा नदेखेको कुरा फिल्मकर्मीले फिल्ममा उतार्ने गरेको उनको धारणा छ । प्रदर्शनको तयारीमा रहेको फिल्म ‘ऐँचो पैँचो’ को प्रचार प्रसारका क्रममा खड्काले फिल्म नेताहरूले एकपटक हेर्नै पर्ने बनेको दाबी गरिन् । फिल्मको प्रिमियर तथा कार्यक्रमहरूमा नेताहरूलाई आफूले देख्ने गरेको भन्दै उनले हलमा गएर पनि फिल्म हेर्न आग्रह गरेकी हुन् ।

अनावश्यक गसिप र कन्ट्रोभर्सी गरेर आफू फिल्म चलाउने पक्षमा नरहेको बताएकी स्वस्तिमाले ‘ऐँचो पैँचो’ सबैले हेर्न मिल्ने फिल्म भएको बताइन् । ‘ऐँचो पैँचो’ आगामी शुक्रबारबाट प्रदर्शनको तयारमा रहेको फिल्म हो । फिल्ममा स्वस्तिको अलवा मुकुन भुसाल, वर्षा राउत, सुशील सिटौला, कोसिस क्षेत्री, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रवीन्द्र झा, सरिता गिरी, विशाल पहारीलगायत कलाकारको अभिनय छ ।

अभिमन्यु निरवीको कथा, पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, सत्यम राणको भिएफएक्स, रहेको फिल्म केपी फिल्मसको ब्यानरमा निर्माण भएको हो । फिल्मका निर्माता प्रितम लामिछाने र आध्या लामिछाने र सह-निर्माता विशाल चौलागाई रहेका छन् ।

***-रातोपाटी डटकम***

# आज विश्व बेपत्ता विरुद्धको दिवस मनाइँदै




**पाल्पा,** भदौ १२/आज विश्व बेपत्ता दिवस मनाइदैं छ । ३० अगस्ट अर्थात् बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि विभिन्न कार्यक्रम मनाइने गरिन्छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको सम्झनामा हरेक बर्षको अगस्त ३० तारिखमा विश्वभर संयूक्त राष्ट्रसंघ र एम्नेस्टी इन्टरनेशनलले आफ्नो सक्रिय भूमिका जनाउँदै बेपत्ता व्यक्तिहरुको सम्झनामा दिवस मनाउँदछन् ।

दिवस मनाउने क्रमको सुरुआत सन् १९८१ मा ल्याटिन अमेरिकी राष्ट्र कोस्टारिकाबाट भएको हो । दिवसका अवसरमा मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुले बेपत्ता विरुद्धको जनचेतना जगाउने तथा बेपत्ताका परिवारसँगको एक्येबद्धता गर्दै मनाउने गरिएको छ । अन्तर्राष्ट्रिय रुपमा कार्यरत मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल, संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तको कार्यालय, रेडक्रस अन्तर्राष्ट्रिय समिति जस्ता संस्थाले यसबारे विश्वव्यापी रुपमा अभियान गरेर सरकार र विद्रोहीलाई दबाब दिइरहेका छन् । नेपालमा विगतमा भएको दशवर्षे लामो सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा फौज र माओवादीबाट ठूलो संख्यामा नागरिक बेपत्ता पारिएको थियो । सशस्त्र द्वन्द्वपछि शान्ति सम्झौता भएको लामो समय बितिसक्दा पनि राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका मानिस अझै सम्पर्कमा आएका छैनन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोसँगा सशस्त्र युद्धका क्रममा राज्य र तत्कालीन विद्रोही पक्षबाट ३१ सय १४ जना बेपत्ता पारिएको तथ्यांक छ ।

# आपतकालिन प्रतिकार्य तथा...

...उनका अनुसार कोभिडको दोस्रो चरणमा तानसेन, रिब्दीकोट, बगनासकाली र मिसन अस्पतालाई ३१ लाख बराबरको स्वास्थ्य सामाग्री, रिब्दीकोट र बगनासकालीका ११ स्थानमा हात धुने स्टेशन निर्माण, तीनवटै स्थानीय तहका कोभिड खोप स्थलमा डस्टविन वितरण, स्वास्थ्य महिला स्वयमसेवीहरुलाई स्वस्थ्य किट वितरण गरिएको थियो ।

यस्तै परियोजना लागु हुनु अघि अदुवाबाट प्रति किसानले ४ हजार ३ सय ८९ आम्दानी गर्ने गरेकोमा परियोजनाको अन्तिममा आएर प्रति किसान १७ हजार २ सय ६४ पुगेको परियोजना संयोजक कुंवरले जानकारि गराए । उनका अनुसार साउन मसान्तसम्म १ सय ९६ जना किसानले ९ हजार ३ सय ६५ केजी बूढी अदुवा विक्रीबाट १६ लाख ८ सय ५० आम्दानी गरेका छन् । कार्यक्रममा किसान लेखनाथ न्यौपाने, दिलबहादुर राना, गोपाल बस्यालले आफुहरु विदेशबाट फर्किएर अहिले व्यवसायिक अदुवा खेतीमा लागेको बताए । उनीहरुले कालितासले आफुहरुलाई सहयोग गरेकै कारण व्यवसायिक खेतीबाट राम्रो आम्दानी गर्न सफल भएको बताए । गोष्ठीमा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले कारितासले विपन्न र कोभिडबाट प्रभावित नागरिकहरुका क्षेत्रमा गरेको कार्यक्रम प्रशंसनिय रहेको बताए । उनले स्थानीय सरकारले पनि लक्षित वर्ग मैत्री कार्यक्रम गर्ने दिशामा ध्यान दिन आग्रह गरे । बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले सम्बन्धित क्षेत्रका नागरिकलाई आयआर्जन र स्वरोजगार बनाउने कुरामा परियोजनाले महत्वपूर्ण भूमिका खेलेको बताइन् । पालिकालाई कृषि र पशुपालनमा आत्मनिर्भर बनाउनका लागि विभिन्न संघ संस्थाको सहकार्य र स्थानीय सरकार आफ्नैले पनि कृषकहरुलाई अनुदान, विउविजनदेखि प्राविधिक सहयोग गर्दै आएको बताइन् । तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा सिंजालीले कारितास र सि आर एस नेपालले जुन किसिमको कार्यक्रम सञ्चालन गरेका छन् ति उपलब्धी मूलक नै रहेको धारणा व्यक्त गरिन् । उनले परियोजनाले कम बजेटमा पनि प्रभावकारी काम गर्न सफल भएको बताइन् । रिब्दीकोट गाउँपालिकाकी उपाध्यक्ष कान्ता अधिकारीले पालिकाका किसान परियोजनाबाट अत्यन्त लाभन्वित भएको बताइन् । उनले भनिन् 'अहिले अदुवा विक्रीबाटै किसानले २० हजारदेखि ५० हजारसम्म आम्दानी गर्न थालेका छन् ।' प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले कृषि र विपद्का क्षेत्रमा गरेका कार्यक्रमले राम्रै प्रभाव पारेको बताए । उनले लगानी गर्ने तर त्यसको उत्पादन भए नभएको अनुगमन गर्ने संयन्त्र नै कमजोर रहने गरेको धारणा व्यक्त गरे । प्रजिअ बास्तोलाले कृषकको खल्तीमा कसरी पैसा जान्छ भन्ने कुरामा ध्यान दिनु अहिलेको आवश्यकता रहेको औल्याए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्रकी प्रमुख कामना अधिकारी, नेपाल रेडक्रस पाल्पाका सभापति बाबुराम कार्की, तानसेन -६ का वडा अध्यक्ष सागमरमान महर्जन, रिब्दीकोट गाउँपालिका-७ का वडा अध्यक्ष दानबहादुर कुंवर, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, सि आर एस नेपालका कार्यक्रम अधिकृत विवेक श्रेष्ठ लगायतले परियोजनाले लक्षित वर्गलाई समेटेर उपलब्धीमूलक काम गरेको बताए । कारितास नेपालका केन्द्रीय कार्यक्रम संयोजक मञ्जुल शेरचनको अध्यक्षता, फिल्ड पाल्पाकी कार्यक्रम अधिकृत सविना पराजुलीको स्वागत, कृषि अधिकृत जया उपाध्यायको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

## नेपाल आज पाकिस्तानसँग खेल्दै



**काठमाडौं,** भदौ १२/एसिया कप क्रिकेटमा पहिलो पटक सहभागिता जनाउन लागेको नेपालले आज घरेलु टोली पाकिस्तानसित खेल्दैछ ।

सोह्रौं संस्करणको एसिया कपको उद्घाटन खेल पाकिस्तानको मुल्तान क्रिकेट रङ्गशालामा दिउँसो ३:४५ बजे हुनेछ । नेपाली क्रिकेट टोली एकदिवसीय वरियतामा विश्वको नम्बर एक राष्ट्र पाकिस्तानसँग खेल्ने तयारीमा जुटेकोछ । नेपाल र पाकिस्तानबीच आज पहिलो भेट हुनेछ । एसिया कप पाकिस्तान र श्रीलङ्काले सञ्चालन गर्दैछन् । गत वैशाखमा सम्पन्न एसिसी प्रिमियर कपमा च्याम्पियन बनेपछि नेपाल एसिया कपका लागि छनोट भएको हो । उक्त प्रतियोगिताको फाइनल खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई सात विकेटले पराजित गरेको थियो । एसिया कपमा १३ खेलमध्ये चार खेल पाकिस्तानमा हुनेछन् भने बाँकी नौ खेल श्रीलङ्कामा हुनेछन् । प्रतियोगितामा ६ राष्ट्रको सहभागिता रहनेछ । दुई समूहमा विभाजन गरिएको उक्त प्रतियोगिताको समूह 'ए' नेपाल, भारत र पाकिस्तान तथा समूह 'बी' मा बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तान छन् । नेपालले पाकिस्तानविरुद्धको खेलपछि समूह चरणको दोस्रो खेल भारतसँग यही भदौ १८ गते श्रीलङ्कामा खेल्नेछ । नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेल, आशिफ शेख, कुशल भुर्तेल, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी, अर्जुन साउद, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा र श्याम ढकाल रहेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचकमा सामान्य अंकको गिरावट



**पाल्पा,** भदौ १२/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक पाँच दशमलव ०५ अंकले घटेर एक हजार नौ सय ९३ दशमलव ४२ अंकमा कायम भएको छ ।

दुई सय ७८ कम्पनीको ४० लाख छ हजार सात सय ३९ कित्ता शेयर २९ हजार छ सय ४० पटक खरिदबिक्री हुँदा कारोबार रकम रु ८६ करोड ५१ लाख २० हजार चार सय ५२ मा खुम्चिएको छ । लगानी समूह, म्युचुअल फन्ड, निर्जीवन बीमा र व्यापार समूहको उपसूचक बढेका छन् भने बाँकी सबै समूहको उपसूचक घटेको छ । लगानी समूह शून्य दशमलव ०९, म्युचुअल फन्ड शून्य दशमलव ०४, निर्जीवन बीमा पाँच दशमलव ६१ र व्यापार शून्य दशमलव ८० अंकले बढेका छन् ।

सबैभन्दा धेरै घट्नेमा भने जीवन बीमा समूह ५० दशमलव ०१ र होटल तथा पर्यटन ३५ दशमलव ५८ अंकले घटेका छन् । त्यस्तै, बैङ्किङ दुई दशमलव १९, विकास बैंक २१ दशमलव १७, वित्त चार दशमलव ८८, जलविद्युत ११ दशमलव ४१, उत्पादन तथा प्रशोधन ३१ दशमलव ४२, लघुवित्त शून्य दशमलव ६० र अन्य समूह तीन दशमलव १२ अंकले घटेको छ । कारोबारमा कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै, सबैभन्दा धेरै गुमाउनेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य प्रतिकित्ता चार दशमलव ८३ प्रतिशतले घटेको छ ।

कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै माछापुच्छ्रे बैंक लिमिटेडको रु तीन करोड ६२ लाख दुई हजार छ सय ५९ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सिद्धार्थ इक्विटी फन्डको चार लाख ६७ हजार ४५ कित्ता किनबेच भएको छ ।

हार्दिक समवेदना



जन्म
वि.सं. २०४२/०७/२२

स्वर्गारोहण
वि.सं. २०८०/०५/०७

स्व.तारा थापा (गाहा)

यस जनज्योती लाङ्घाली गुठी कानुङ मै समूहकी सदस्य, खेमबहादुर थापा गाहाको धर्मपत्नी, पिताम्बर थापा गाहा तथा रेनुसरा थापा गाहाकी बुहारी, ओमराज थापा गाहा, पवित्रा थापा गाहाकी ममतामयी माता **तारा थापा गाहा**को यही मिति २०८० भदौ ०७ गते बिहीबारको दिन ३८ वर्षको अल्पायुमै भएको असामयिक निधनले यस गुठी कानुङ मै समूह परिवार स्तब्ध भएको छ । यस दुःखद् घडीको आज ७ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| देव बहादुर आले<br>कोषाध्यक्ष | गुन बहादुर कनौजे<br>सचिव | मान बहादुर खाम्चा<br>अध्यक्ष |
| बन्दना राना खड्का<br>कोषाध्यक्ष | निर्मला राना सारु<br>सचिव | मिना सिंजाली पचभैया<br>अध्यक्ष |

एवं
जनज्योती लाङ्घाली गुठी एवं कानुङ मै समूह परिवार
तानसेन-२, मेहलधारा, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई